**सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सि.ए.सि.सि.आईको ३७ औं सम्मेलनको उद्घाटन समारोहलाई नेपालमा कार्त्तिक २० गते सम्बोधन गर्दा व्यक्त गरेका धारणाको संम्पादित नेपाली अनुवाद ।**

- विशिष्ट अतिथिहरू,
- एशिया-प्रशान्त क्षेत्रका उद्यमी, प्रमुख व्यापारिक नेता र वक्ताहरू,
- एसिया प्यासिफिक चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री ( सि.ए.सि.सि.आइ ) को सम्मानित सदस्यहरू
- नेपालका व्यवसायिक क्षेत्रका नेता मित्रहरु,
- महिला तथा सज्जनबृद

कन्फेडेरेसन अफ एसिया प्यासिफिक चेम्बर्स अफ कमर्स एन्ड इन्डस्ट्री ( सि.ए.सि.सि.आइ ) र नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) को संयुक्त आयोजनामा नेपालमा २ दिनसम्म चलिरहेको ३७ औँ सि.ए.सि.सि.आई सम्मेलनमा तपाईहरु सबैसँग हुनु मेरो लागि रमाइलो क्षण हो । सुन्दर राष्ट्र नेपालमा सन् २०१२ पछि दोस्रो पटक यो सम्मेलन आयोजना गर्न पाउनु नेपाली जनताका लागि गौरवको कुरा हो । यस महत्वपूर्ण भेलामा म सबैलाई हार्दिक स्वागत गर्दछु ।

यस सम्मेलनको विषयवस्तु **"चेम्बर अफ कमर्स - व्यवसायहरूलाई भविष्यको लागि तयार पार्न मद्दत गर्दै**' ले गहिरो प्रभाव र भाव बोक्छ । यो केवल एक विषय मात्र होइन; यो त उज्यालो र थप समृद्ध भविष्य सुनिश्चित गर्न सामूहिक प्रयास कार्यको आह्वान हो ।

वैश्विक व्यापार र आर्थिक परिदृश्यमा प्राविधिक छलांग, वातावरणीय प्रभावका अनिवार्यता र दिगो सामाजिक अभ्यासहरूको लागि अनिवार्य आवश्यकताहरूका आधारमा महत्वपूर्ण रुपान्तरण भैरहेका छन् । यस्तो रुपान्तरणले चुनौति र अवसर दुबै ल्याउँने छ । समग्रमा एसिया-प्रशान्त क्षेत्रको दिगो आर्थिक वृद्धि हासिल गर्न साझा प्रयासमार्फत यस युगका चुनौतीको सम्बोधन र अवसरहरूको सदुपयोग गर्न यो सम्मेलन समय सापेक्ष र सान्दर्भिक छ । एशिया-प्रशान्त एक द्रुत रूपमा विस्तार भैरहेको आर्थिक क्षेत्र हो र यसले अझ बढी विश्वव्यापी आर्थिक केन्द्रको भूमिका कायम गर्दैछ । यस सन्दर्भमा, विश्व व्यापार परिदृश्यमा पङ्क्तिबद्ध र सकारात्मक परिवर्तन ल्याउन यस क्षेत्रको वाणिज्य र उद्योग चेम्बरहरूको भूमिका निर्णायक छ ।

सम्मेलनको विषयवस्तुका तीन मुख्य स्तम्भ- **दिगोपन, उद्यमशीलता र व्यापार-** वास्तवमै समृद्ध र दिगो भविष्यका आधारशिला हुन् ।

आधुनिक युगमा दिगोपन एक शब्दजाल मात्र होइन; यो हाम्रो भविष्यको आधारशिला हो । साना र मझौला उद्यमहरू (एसएमईहरू) हाम्रो अर्थतन्त्रको मेरुदण्ड हुन् । तिनीहरूले बृद्धि, नवीनता र

रोजगारी सिर्जनालाई संचालन गर्दछन । यद्यपि, तिनले महत्वपूर्ण जवाफदेहिता वहन गर्छन्, किनकि तिनीले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनको ५०% भन्दा बढी योगदान गर्छन् । जलवायु परिवर्तनको परिणाम हामीमाथि  आएको छ, र हामीले दिगा अभ्यासतर्फ सङ्क्रमण गर्न द्रुत रूपमा कार्य गर्नु पर्दछ ।

उद्योग वाणिज्य चेम्बरको सदस्यहरूलाई दिगो मार्गतर्फ अझ राम्रोसंग डोर्‍याउनको लागि महत्वपूर्ण भूमिका हुन्छ । निकार्बनिकरण र दिगो अभ्यासमा मार्गदर्शन, स्रोत र आवश्यक सहयोग प्रदान गरेर तपाईंले आफ्ना व्यवसायलाई वातावरणीय प्रभाव कम गर्न सशक्त बनाउनु हुन्छ ।

यो वातावरणीय व्यवस्थापनका लागि मात्र होइन; हाम्रा व्यवसायको दीर्घायु र भावी पुस्ताका लागि राम्रो संसार सुनिश्चित गर्नका लागि पनि हो । व्यवसायिक संगठनहरु जलवायू परिवर्तनका अन्तर्राष्ट्रिय मञ्च र कार्वाहीमा परिर्वतनका लागि एक एकिकृत र शक्तिशाली आवाज हुन सक्दछन । स्वच्छ ऊर्जा समाकलन र अझ बढी हरित संसारलाई आकार दिन हामीले जमाउँन सक्ने प्रभावलाई कम आँकलन नगरौं ।

सम्मेलनको विषयवस्तुको दोस्रो स्तम्भ उद्यमशीलता हो, यो हाम्रो क्षेत्रलाई रूपान्तरण गर्ने क्षमता भएको शक्ति पनि हो । उद्यमशीलता भनेको व्यवसाय सुरु गर्नु मात्र होइन; यो नवप्रवर्तनलाई अँगाल्ने, विविधतालाई सघनीकरण गर्ने र हाम्रा समुदायले सामना गर्ने ठूला चुनौतीहरू समाधान गर्ने सबैभन्दा बलियो आधार पनि हो । तपाईंहरु यो भावनालाई पालनपोषण गर्न सधैं अगाडि हुनुपर्छ ।

म विशेष जोड दिएर भन्न चाहन्छु कि उद्यमीहरू, खास गरी युवा र महिला उद्यमीहरूका लागि तपाईंको सहयोग क्षेत्रीय समावेशी आर्थिक वृद्धिको उत्प्रेरक हुन सक्छ । पथप्रदर्शन, पूँजीमा पहुँच र नवप्रवर्तन फस्टाउनको लागि उचित अवसर प्रदान गरेर तपाईंहरुले भविष्यको पुस्ताका समस्या समाधानकर्ता र आविष्कारकहरूलाई सशक्त बनाउनु हुन्छ । तब मा हामीले अझ न्यायपूर्ण, समतामूलक र समृद्ध अर्थतन्त्रको परिकल्पना गर्न सक्छौं जहाँ कोही पनि पछि पर्नु पर्दैन ।

हाम्रो सम्मेलनको तेस्रो स्तम्भ रहेको **व्यापार,** हाम्रो अर्थतन्त्रको जीवनरक्त हो । यसले आर्थिक वृद्धिलाई मात्र हैन, सीमापार सम्बन्ध निर्माण र कायम राख्न उर्जा प्रदान गर्दछन् । व्यवसाय क्षेत्रका संगठनहरुले व्यापार सहज बनाउन प्रदान गर्ने मध्यस्थता, प्रक्रियाहरूको डिजिटलीकरण र सञ्जालीय अवसरलगायतका सेवाहरू व्यवसायहरूलाई संसारसँग जोड्ने औजार हुन् । यी गतिविधि कोरोबार मात्र होइनन्, यिनले विश्वव्यापी बहुपक्षीयतावादलाई सवलीकरण गर्न योगदान गर्दछन । फलस्वरूप पारस्पारिक लाभदायक सम्बन्धमार्फत् विश्वव्यापी शान्तिलाई बलियो बनाउन योगदान गर्नेछ ।

हामीले व्यवसायहरू, विशेष गरी साना तथा मझौला व्यवसाय (एसएमई) हरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रभावकारी उपस्थितिकालागि तयार गर्नमा ध्यान केन्द्रित गर्नुपर्दछ । डिजिटल रूपान्तरण, विवाद समाधान क्षमता र सीप विकास अत्यावश्यक छन् । यसले हाम्रा व्यवसायहरूलाई खेलाडी मात्र होइन, विश्वव्यापी मञ्चमा नेतृत्वको सुनिश्चित पनि गर्नेछ ।

यी दुई दिनमा तपाईं छलफल, प्यानल र फोरममा संलग्न हुँदा नेपाल र एसिया प्यासिफिक क्षेत्रको दिगो आर्थिक वृद्धिका लागि सम्मेलनको गहिरो सान्दर्भिकतालाई ध्यानमा राख्न आग्रह गर्दछु । मलाई सीईओ फोरमले हामीले सामना गर्ने विकास चुनौतीहरू र अवसरहरूमा अमूल्य अन्तर्दृष्टि प्रदान गर्नेछ विश्वास छ ।

सम्मेलनका विषयगत सत्रहरूले हाम्रो साझा दृष्टिकोणका महत्वपूर्ण पक्षलाई समेट्नेमा म विश्वस्त छु । यी क्षेत्रहरूमा सक्रिय रूपमा संलग्न हुन र सहकार्य गर्न सबैलाई आग्रह पनि गर्दछु । मूर्त प्रभाव सृजना गर्न प्रेरित, उत्प्रेरित र ऊर्जावान बानौं । हाम्रा कार्यहरूले उज्यालो र अधिक दिगो भविष्यको लागि बाटो निर्माण गर्न सक्छ ।

म यो क्षण यस कुरामा जोड दिन चाहन्छु कि ३७ औं सि.ए.सि.सि.आइ सम्मेलन नेपालको व्यापार, लगानी र एसिया प्रशान्त देशहरूसँगको कनेक्टिभिटीलाई आगामी दिनमा अगाडि बढाउने औजार हुन्छ । विविधायुक्त परिदृश्य र समृद्ध संस्कृति भएको राष्ट्र नेपालसँग व्यापार सम्बन्ध र विभिन्न क्षेत्रहरूमा लगानीका अवसरहरूका सन्दर्भमा अन्तर्राष्ट्रिय सहभागीहरूलाई प्रस्ताव गर्न धेरै कुरा छन् । यस सम्मेलनका विषय विश्वव्यापी चिन्ता मात्र होइन; नेपालको आर्थिक विकास र दिगोपनका लागि पनि उत्तिकै गहिरो गरी सान्दर्भिक छन ।

नेपाल भौगोलिक रुपमा चीन र भारतका बीच हुनु व्यापारका लागि रणनीतिक फाइदा हो । यो स्थितिले नेपाललाई ती विशाल उपभोक्ता बजारमा पहुँच गर्न खोज्ने व्यवसायहरूको लागि प्राकृतिक प्रवेशद्वार बनाउँछ । दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) लगायतका क्षेत्रीय व्यापार सम्झौताहरूमा नेपालको सदस्यताले यस क्षेत्रका व्यापार साझेदारहरूको विशाल सञ्जालमा व्यवसायहरूलाई पहुँच प्रदान गर्दछ। ।

नेपालमा युवा जनसङ्ख्या छ, यो दक्ष श्रम, नवप्रवर्तन र उद्यमशीलताको सम्भावना खोज्ने व्यवसायहरूको लागि सम्पत्ति हो । देशको बढ्दो मध्यम वर्ग एक उदीयमान उपभोक्ता बजार हो, जसले खुद्रा, उपभोग्य वस्तु र सेवालगायत विभिन्न उद्योगका लागि अवसरहरु प्रस्तुत गर्दछ ।

एसिया प्यासिफिक क्षेत्रको सदस्यका रूपमा नेपालले क्षेत्रीय कनेक्टिभिटी सुदृढ गर्न महत्वपूर्ण भूमिका खेल्छ । सि.ए.सि.सि.आईजस्ता सम्मेलनमा यसको सहभागिताले एशिया प्यासिफिक देशहरूसँग बलियो सम्बन्ध निर्माण गर्न पुलको रूपमा काम गर्दछ ।

आफ्नो मन्तव्य समापन गर्नु अघि, म सबै सहभागीहरूलाई भविष्यलाई  दिगो, नवीन र समृद्ध आकार दिन उद्योग वाणिज्य र निजी क्षेत्रको शक्ति प्रयोग गर्न आग्रह गर्न चाहन्छु । आउनुहोस् सँगसंगै काम

गरौं, हाम्रा अन्तर्दृष्टि बाँडौं र एक अर्कालाई हाम्रो व्यवसाय, हाम्रो समुदाय र हाम्रो संसारमा सकारात्मक प्रभाव पार्न प्रेरित गरौं ।

अन्तमा, म तपाईंहरू सबैलाई फलदायी, समृद्ध र प्रभावकारी सम्मेलनको कामना गर्दछु । साथै तपाईहरु सबैको सुखदायी नेपाल बसाईका लागि कामना गर्दछु ।